# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र २ गते २०२६ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाहीसेनाको लागि बाग्मती अञ्चल भक्तपुर जिल्ला दिव्यश्वरी गाउं पञ्चायत अन्तर्गत ठिमीको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व ठिमी एम्यूनिशन डिपोको जग्गा, पश्चिम बहुमुखी शिक्षा विभागको जग्गा उत्तर नन्दकुमार माक श्रेष्ठको जग्गा घर, दक्षिण ठिमी एम्यूनिशन डिपोको जग्गा यति ४ किल्ला भित्रको सिम र पाखो जग्गा रोपनी १० को मालपोत रू. ३७।८२ (रू. सैंतीस पैसा बयासी) लाग्ने कित्ता — — — १३

आज्ञाले–

चित्रबहादुर के. सी.

श्री ५ को सरकारको सचिव ।



२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।